वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक




वर्ष ४५ अंक १४४ | २०८३ असोज १० गते शनिबार, नेपाल सम्वत् ११४६ September 26, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-

# तनहुँमा वर्षाले बढायो सडक र बस्तीको जोखिम

## पृथ्वी राजमार्गमा दर्जनौं स्थानमा पहिरो, ऋषिङमा प्रहरी चौकी जोखिममा, देउरालीमा कन्टेनर दुर्घटना

**भञ्ज्याङ समाचारदाता/तनहुँ**

अविरल वर्षाका कारण तनहुँको व्यास नगरपालिका–१२, घाँसीकुवास्थित पृथ्वी राजमार्गमा शुक्रबार साँझ पहिरोसहितको लेदो खस्दा राजमार्ग दुईतर्फी अवरूद्ध भएको थियो । पहिरोमा एउटा मोटरसाइकलसमेत परेको छ । मानवीय क्षति भने भएको छैन । शुक्रबार साँझ करिब ६:२५ बजे माथिबाट हिलोसहितको लेदो सडकमा खसेर अवरूद्ध भएको राजमार्ग पहिरो पन्छाएर जिल्ला प्रहरी कार्यालय तनहुँबाट प्रहरी निरीक्षक अमृत लामिछानेको कमाण्डमा ट्राफिक प्रहरीसहित १५ जनाको टोलीले राती कबिर ८ बजेको समयमा सडक सुचारू गरेको थियो ।

घाँसीकुवामा पहिरो खसेसँगै पृथ्वी राजमार्गको तनहुँ खण्डमा वर्षाका कारण सडक जोखिम थप बढेको छ । मौरीबास, मादीपुल आसपास, दमौली बजार नजिक, मुसेखोला, छिर्कने, विमलनगर, डुम्रे बजार नजिकको चिसापानी, सानो डुम्रे तथा आँबुखैरेनीको ऐनापहरा आसपासलगायत दर्जनौं स्थानमा पहिरो खसेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय तनहुँका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेका अनुसार वर्षा नरोकिएकाले जोखिमयुक्त स्थानमा थप पहिरो खस्न सक्ने अवस्था छ । कतिपय स्थानमा सडक अवरूद्ध भए पनि केही ठाउँमा एकतर्फी सडकलाई व्यवस्थापन गरी दुवैतर्फी सवारी सञ्चालन गरिएको छ ।

**राजमार्गमा यात्रा जोखिमपूर्ण**

मुग्लिन–पोखरा सडकखण्डका विभिन्न भागमा पहिरो खसेकाले तनहुँबाट मुग्लिन हुँदै काठमाडौं तथा भरतपुरतर्फ जाने यात्रासमेत प्रभावित भएको छ ।

प्रहरीले सडकको अवस्था जुनसुकै बेला परिवर्तन हुनसक्ने भन्दै चालक तथा यात्रुलाई विशेष सावधानी अपनाउन आग्रह गरेको छ । पहिरो खसिरहेको वा जोखिम देखिएको स्थानमा सवारी नरोकी सुरक्षित दूरी कायम गर्न भनिएको छ ।

प्रशासनले अत्यावश्यकबाहेक रातिको समयमा लामो दूरीको यात्रा नगर्न आग्रह गरेको छ । यात्रा गर्नैपर्ने अवस्था भए मौसम र सडकको पछिल्लो अवस्था बुझेर मात्र अघि बढ्न तथा जोखिम देखिए सुरक्षित स्थानमा रोकिएर बस्न अनुरोध गरिएको छ ।

**ऋषिङमा प्रहरी चौकीसहित सरकारी भवन जोखिममा**

राजमार्गसँगै जिल्लाका भित्री सडकमा समेत पहिरोको जोखिम बढेको छ । ऋषिङ गाउँपालिका–८ स्थित श्रीङ्गापथ मार्गको भित्री सडकमा शुक्रबार बिहान पहिरो खस्दा सडक अवरूद्ध भएको थियो।

सडकभन्दा करिब २० मिटर माथिबाट खसेको पहिरोका कारण प्रहरी चौकी ऋषिङरानीपोखरी तथा कृषि कार्यालयको भवनसमेत जोखिममा परेको प्रहरीले जनाएको छ। प्रहरी टोलीले पहिरो आंशिक रूपमा पन्छाएपछि साना सवारीसाधन सञ्चालन गर्न मिल्ने बनाइएको छ । सडक पूर्णरूपमा खुलाउन गाउँपालिकासँग समन्वय गरेको थियो ।



तनहुँको व्यास नगरपालिका–१२, घाँसीकुवास्थित पृथ्वी राजमार्गमा शुक्रबार साँझ पहिरोसहितको लेदो खस्दा पुरिएको मोटर साइकल निकाल्दै उद्धारमा खट्टिएका जिल्ला प्रहरी कार्यालय तनहुँको टोली । *तस्विर : जिल्ला प्रहरी कार्यालय तनहुँ/भञ्ज्याङ*

**देउरालीमा कन्टेनर सडकबाट खस्यो**

यसैबीच, व्यास नगरपालिका–१२, देउरालीमा कन्टेनर दुर्घटना हुँदा चालक घाइते भएका छन् । डुम्रेबाट दमौलीतर्फ आउँदै गरेको ना.६ख ४५७८ नम्बरको कन्टेनर शुक्रबार साँझ करिब ५:४० बजे नियन्त्रण गुमाउँदा सडकबाट करिब २० मिटर तल खसेको थियो ।

दुर्घटनामा मोरङको कठारी गाउँपालिका–१, महेशपुरका ३५ वर्षीय चालक कृष्णकुमार राजवंशी घाइते भएका छन् । उनको टाउको, छाती तथा दुवै खुट्टामा चोट लागेको र अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ । उनलाई उपचारका लागि रत्नहरी अस्पताल दमौली पठाइएको छ । दुर्घटनापछि प्रहरी टोली घटनास्थलमा खटिएको थियो । कन्टेनर सडकबाट तल खसे पनि पृथ्वी राजमार्गमा सवारी आवागमन भने अवरूद्ध नभएको प्रहरीले जनाएको छ ।

**जोखिम क्षेत्रको अनुगमन**

वर्षाका कारण सडक तथा बस्तीमा बढेको जोखिमको अवस्थाबारे जिल्ला सुरक्षा समितिले शुक्रबार स्थलगत अनुगमनसमेत गरेको छ । प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीको नेतृत्वमा प्रहरी उपरीक्षक टेकबहादुर कार्की, सुरक्षा समितिका पदाधिकारी तथा मुग्लिङ–पोखरा सडकखण्ड आयोजनाका इन्जिनियर अमित ढकालसहितको टोलीले आँबुखैरेनी–३ ऐनापहरा, व्यास–१२ छिर्कनस्थित पहिरो क्षेत्र तथा बन्दीपुर–४ ठूलढुङ्गामा जोखिममा परेको स्थानीयको घरलगायतका स्थानको निरीक्षण गरेको हो ।

टोलीले पहिरोको अवस्था, सडक भासिन सक्ने सम्भावना तथा सडक किनारका संरचना र स्थानीय बस्तीमा उत्पन्न जोखिमबारे जानकारी लिएको थियो। सम्भावित जोखिम न्यूनीकरण तथा सडक यातायातलाई सुरक्षित बनाउने विषयमा सम्बन्धित निकायसँग समन्वय गरिएको जनाइएको छ।

**प्रशासनको उच्च सतर्कता**

जल तथा मौसम विज्ञान विभागले असोज ९ देखि ११ गतेसम्म मध्यमदेखि अति भारी वर्षा हुनसक्ने पूर्वानुमान गरेपछि जिल्ला प्रशासन कार्यालय तनहुँले जिल्लावासीलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ।

प्रमुख जिल्ला अधिकारी शिवलाल

बाँकी तेश्रो पेजमा

# 'हिमनदी र बाढी राहदानीमा भिसा छाप लगाएर यात्रा गर्दैनन्'

♦ **बालेन शाह**

म हिमालयमा अवस्थित एउटा दूरदराजको देश नेपालबाट आएको छु र म यहाँ मानवताका लागि निकट भविष्यको एउटा गम्भीर चेतावनी लिएर आएको छु । आज यहाँ उभिएर केवल विकास, लोकतन्त्र, शान्ति र एउटा युवा राष्ट्रका आशाहरूबारे कुरा गर्न पाएको भए कति राम्रो हुन्थ्यो। तर त्यसको सट्टा, आज मैले भयावह स्तरको मृत्यु र विनाशबारे बोल्नुपरेको छ । ती परिवारहरूबारे, जो कहिल्यै घर नफर्किने आफ्ना प्रियजनको पर्खाइमा छन्। ती समुदायहरूबारे, जो हिलो, ढुङ्गा र पानीको भेलमा आफ्ना मानिसहरु खोजिरहेका छन्, जसका शव सायद कहिल्यै फेला पर्ने छैनन्।

ती पुल, सडक, विद्यालय, घर र जीविकोपार्जनका साधनबारे, जो केही मिनेटमै बगेर गए । यहाँ दिगो विकास लक्ष्य हासिल गर्ने दिशामा निरन्तर अघि बढिरहेको एउटा देशको प्रगतिमा आएको अवरोधबारे कुरा गर्न परिरहेको छ । चार हप्ताअघि विश्वले नेपालका हिमाली समुदायहरूमा उग्र रूपमा आएको विनाशकारी आकस्मिक बाढीका हृदयविदारक दृश्यहरु देख्यो। यसको भयावहतालाई धेरैले हिमालयन सुनामी भनेका छन् ।

भोटेकोशी–त्रिशूलीको त्यो विपद् केवल स्थानीय त्रासदी थिएन, यो विश्वका लागि एउटा चेतावनी थियो। र म आज यहाँ सोध्न चाहन्छु: के हामीले साँच्चै त्यो चेतावनी सुनेका छौं ? झन्डै तीन वर्षअघि, हाम्रो सगरमाथाको छायामा उभिएर संयुक्त राष्ट्रसंघका महासचिवले आसन्न जलवायु विपद्को पागलपनबारे मानवतालाई चेतावनी दिनुभएको थियो।

संसारको छानोबाट आएको त्यो पुकार पर्याप्त रूपमा सुनिएन । हामी नेपालीले त्यो सुन्यौं। हाम्रा समुदायले सुने । विश्वभरका वैज्ञानिकहरूले सुने। उनीहरूले प्रमाणसहित त्यसलाई दोहोर्‍याए । तर हामी विश्वका राजनीतिक नेताहरु ती चेतावनीलाई जोखिममा रहेका मानिसहरूले आवश्यक ठानेको गति र स्तरमा कार्यान्वयनमा रूपान्तरण गर्न चुकेका छौं । गत महिना हामीले त्यसको दु:खद परिणाम देख्यौं।



बढ्दो तापक्रमले हिमालयको संवेदनशील पारिस्थितिक प्रणालीलाई अस्थिर बनाइरहेको छ। हिमनदीमुनिका पहाडका भिरालो भूभागलाई पर्माफ्रोस्ट अर्थात् दीर्घकालसम्म जमिरहने हिउँ पग्लिँदै जाँदा चिरा पर्ने र कमजोर हुने क्रम बढेको छ। यसले हिमनदी तथा चट्टान खस्ने घटना, बाढी, पहिरो र अन्य शृत्लाबद्ध विपद्को जोखिम बढाइरहेको छ।

यसबाट उत्पन्न विनाशले नेपाल–चीन सीमाका दुवैतर्फ ठूलो क्षति पुर्‍यायो । बाढीको बहाव तल्लो क्षेत्रमा हुँदै भारततर्फ पनि अघि बढ्यो। यसले हामीलाई एउटा आधारभूत कुरा बताउँछ : जलवायु परिवर्तनले सीमा चिन्दैन। हिमनदी र बाढी राहदानीमा भिसा छाप लगाएर यात्रा गर्दैनन्। महामहिमहरु,

म यहाँ गुनासो गर्न आएको

बाँकी तेश्रो पेजमा

# मादी नदीमा करेन्ट लगाएर माछा मार्ने तीन जना पक्राउ

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँको व्यास नगरपालिका–७, दुलेपानीस्थित मादी नदीमा करेन्ट लगाएर माछा मारिरहेको अवस्थामा तीन जना पक्राउ परेका छन् । मादी नदीमा करेन्ट लगाएर माछा मारिरहेको सूचना पाएपछि प्रहरी चौकी कलेस्तीबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई घटनास्थलबाटै नियन्त्रणमा लिएको हो।



पक्राउ परेका तीनै जनालाई आवश्यक कारबाहीका लागि व्यास नगरपालिकाको कार्यलय दमौली पठाइएको थियो। नगरपालिकाले उनीहरूलाई जनही १० हजार रूपैयाँका दरले कुल ३० हजार रूपैयाँ जरिवाना गरेको जिल्ला प्रहरी कार्यालय तनहुँका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक द्वारिका प्रसाद घिमिरेले जानकारी दिए ।

करेन्ट लगाएर माछा मार्ने कार्यले जलीय जीव तथा नदीको पारिस्थितिक प्रणालीमा असर पुर्‍याउने भएकाले यस्तो कार्य नियन्त्रणका लागि प्रहरीले निगरानी बढाउँदै आएको जनाएको छ।

# नेपालको आधुनिक उच्च शिक्षाका शिल्पकार : प्रा.डा. सुरेशराज शर्माको सम्झनामा

करिब ५ वर्ष अगाडि हुनुपर्छ म र मेरो श्रीमती चन्द्रावती दमौलीबाट सबेरै काठमाडौँ-धुलिखेल-सिन्धुली हुँदै बर्दिबाससम्मको पाँच दिने यात्रामा बिदा मनाउन व्यास नगरपालिका–१ स्थित आफ्नो निवासबाट सार्वजनिक यातायातबाट निस्किएका थियौं । त्यस साँझ हामी धुलिखेलको एउटा सामान्य होटलमा बास बस्यौँ । धुलिखेलको प्रसिद्ध एक हजार सिढी उक्लिएर टाकुरामा रहेको काली मन्दिरबाट दृश्यावलोकन गर्ने निर्णय गरेर हामी बिहानै होटलबाट हिंड्यौं । हामी टाकुरामा पुगेपछि मन्दिरमा पूजा गर्दै हुनुहुन्थ्यो एकजना वृद्ध महिला । साथमा उभिएर पर्खिरहनुभएको थियो एकजना पातलो अग्लो ज्यानको वृद्ध पुरूष । हाम्रो जोडीले त्यहाँ फोटो खिच्न चाहयौं । हात अगाडि बढाएर ती अपरिचित वृद्ध पुरूषले हाम्रो फोटो खिचीदिन चाहेको बताउनुभयो। मैले उहाँको अनुहारमा हेरेर चिने ।

उहाँ काठमाडौँ विश्वविद्यालयका पूर्व उपकुलपति प्रा.डा. सुरेशराज शर्मा हुनुहुन्थ्यो। हाम्रो परिचय भयो । उहाँले हामीलाई त्यस डाँडोबाट देखिने सबै दृश्यहरु चिनाउनुभयो । हामी सँगसँगै ओरालोमा झर्यौ । कहिले हाम्रो र कहिले म्याडमहरूको जोडी अघिपछि गर्दै । हामीले बाटोमा उच्च शिक्षा, तनहुँ जिल्ला, परिवार र राजनीतिका कुरा गर्‍यौ । डा. शर्माको तनहुँको बसाइ र अध्ययनको अनुभव पनि रोचक रहेछन । जब हामी ओरालोको अन्तिम खुड्किलोमा पुग्यौं उहाँको घर आइपुग्यौ ।

उहाँले हामीलाई चिया नखाई जान दिनुभएन । हामीले उहाँको घरको पाहुन कक्षमा चिया र बिहानको खाजा खायौँ । उहाँले आफू स्वयंले लेखेको एउटा पुस्तक हामीलाई उपहार दिनुभयो । हामीले एउटा सामूहिक तस्बिर खिच्यौँ र त्यहाँबाट निस्क्यौं । त्यसपछि काठमाडौंको कार्यक्रम र भेलामा आकलझुकल मेरो उहाँसँग मेरो भेट हुनेगर्थौ । उहाँले मलाई केयुबाट एमफिल र पिएचडि अध्ययन गर्न प्रेरित गरिरहनुहुन्थ्यो ।

एउटा भेटमा उहाँले मलाई हजार सिंढिमा खिचेको त्यो पुरानो तस्बिर मोबाइलबाट देखाउनु भएको थियो । मालाइ चेलो सम्झेर होला शैक्षिक प्रशासक भएर गर्नहुने र नहुने धेरै विषयमा सुझाव पनि दिनुभएको छ । मैले त्यो पालना गर्दै आएको छु । एउटा अध्ययन भ्रमणमा भारतको न्यु दिल्ली जाँदा राजदूतावासको एउटा कार्यक्रममा उहाँसँग भेट भएको थियो । त्यस भेटमामा उहाँले मलाई जवाहरलाल विश्वविद्यालयका दक्षिण एसिया मामलाका विशेषज्ञ एक भारतीय प्राध्यापकसँग भेट गराइदिनुभएको थियो। तिनै प्राध्यापकको सहयोग त्यसपछि हाम्रो क्याम्पसको एउटा टोली जवाहरलाल विश्वविद्यालयको अध्ययन भ्रमणमा नयाँ दिल्ली गएको थियो । डा. शर्माको जस्तो सादगी पूर्ण, सहयोगी र हितैषि व्यवहार त हामी हाम्रो नेपालमका विश्वविद्यालयहरूका पूर्व उपकुलपतिहरूबाट दुर्लभै अपेक्षा गर्न सक्छौँ ।

हालै उहाँको निधनको खवरले स्तव्ध बनायो । नेपालले हालै उच्च शिक्षाका एक अनुभवी पथप्रदर्शक, दूरदर्शी शिक्षाविद् र विश्वविद्यालय निर्माता गुमायो भन्ने लाग्यो छ । मलाइ त लाग्छ प्रा.डा. सुरेशराज शर्माको असामयीक निधन केवल एक व्यक्तिको अवसान मात्र होइन, नेपाली उच्च तथा प्राविधिक शिक्षाको एउटा उज्यालो युगको अन्त्य पनि हो । उहाँको पार्थिव शरीर अब हामीबीच छैन, तर उहाँले रोप्नुभएको ज्ञानको बिरूवा, निर्माण गर्नुभएको संस्थागत संस्कार र हजारौँ विद्यार्थीको जीवनमा बाल्नुभएको चेतनाको दीप युगान्त बलिरहने छ ।

उहाँले गौरवका साथ भन्नुहुन्थ्यो म सिन्धुलीको खुर्कोटमा सातसालको क्रान्ति भन्दा १ दशक अगाडि जन्मेको प्रारम्भिक शिक्षा घरमै संस्कृत पढेर आर्जन गरेको पुरानो मान्छे हुँ तर भविष्यको पुस्ताको आवश्यकताको पुर्वानुधान लगाउन सक्छु। साधारण पारिवारिक वातावरणबाट उठेर उहाँले ज्ञानको कठिन बाटो रोज्नुभएको थियो । वि.सं. २००८ मा कर्नाटक विश्वविद्यालयबाट एमएस्सी उत्तीर्ण गर्नुभएका उहाँले पछि बेलायतको युनिभर्सिटी अफ साउथ बैंक, लण्डनबाट रसायनशास्त्रमा विद्यावारिधि गर्नुभयो । विदेशबाट उच्च शिक्षा हासिल गरेपछि उहाँ स्वदेश फर्किनुभयो– आफ्नो ज्ञानलाई व्यक्तिगत उपलब्धिमा सीमित नराखी देशको शैक्षिक रूपान्तरणमा समर्पित गर्नुभयो ।

वि.सं. २०२३ देखि कीर्तिपुरमा अध्यापन सुरू गर्नुभएका शर्माले त्रिचन्द्र कलेजमा सात वर्ष अध्यापन गर्नुभयो । उहाँका विद्यार्थीमध्ये एक नेपाली कांग्रेसका नेता तथा नेपाल प्राध्यापक संघका पूर्वकेन्द्रीय अध्यक्ष भीमसेनदास प्रधानले डा. शर्मा जत्तिको सरल व्यक्ति विरलै भेटिन्छन भन्नु भएको छ ।

विदेशबाट फर्किएपछि शर्माले राष्ट्रिय शिक्षा समितिमा सदस्य–सचिवका रूपमा एक दशकभन्दा बढी समय योगदान दिनुभयो । शिक्षा नीति, विज्ञान–प्रविधि र उच्च शिक्षाको विकासबारे उहाँको गहिरो अध्ययन थियो । त्यस स्पष्ट दृष्टिले राष्ट्रिय नीति निर्माणमा महत्त्वपूर्ण प्रभाव पारेको थियो । उहाँ पदमा बसेर मात्र काम गर्ने प्रशासक हुनुहुन्थेन । उहाँ संस्थाको भविष्य देख्ने, त्यसलाई आकार दिने र दीर्घकालसम्म टिक्ने आधार निर्माण गर्ने शिल्पी हुनुहुन्थ्यो ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) स्थापना भएपछि उहाँ त्यसका प्रथम कार्यकारी निर्देशक भएकोमा र उहाँको नेतृत्वमा प्राविधिक शिक्षा राजधानी र केही सहरमा मात्र सीमित नभइ कर्णालीको जुम्ला, दोलखाको जिरी र धनकुटाजस्ता दुर्गम तथा विकट क्षेत्रसम्म प्राविधिक शिक्षाको पहुँच विस्तार गर्न सेकेको सगौरव व्यात्त गर्नु भएको थियो । भौगोलिक कठिनाइलाई उहाँले बहाना होइन, अझ बढी काम गर्नुपर्ने चुनौतीका रूपमा लिनुभयो । नेपालको प्राविधिक शिक्षाको संस्थागत जग बसाल्ने काममा उहाँको योगदान अतुलनीय रह्यो।

उहाँको सबैभन्दा ठूलो संस्थागत कृति काठमाडौं विश्वविद्यालय हो। वि.सं. २०४८ मा विश्वविद्यालय स्थापनाको यात्रामा उहाँले नेतृत्वदायी भूमिका निर्वाह गर्नुभयो । धुलिखेललाई केन्द्र बनाएर वि.सं. २०५० देखि पठनपाठन सुरू भएको काठमाडौं विश्वविद्यालय आज नेपालको उच्च शिक्षाको गौरवशाली परिचय बनेको छ । उहाँ लगातार छ कार्यकाल, जम्मा २१ वर्ष, सन् १९९१ देखि २०१२ सम्म विश्वविद्यालयको उपकुलपति रहनुभयो । यो अवधि केवल पदमा निरन्तरता होइन, एउटा विश्वविद्यालयलाई शून्यबाट उठाएर अन्तर्राष्ट्रियस्तरको संस्थामा रूपान्तरण गर्ने तपस्याको इतिहास हो ।

उहाँकै नेतृत्वमा नेपालमा पहिलोपटक कम्प्युटर इन्जिनियरिङ, इन्जिनियरिङ, फार्मेसी र वातावरणीय विज्ञानजस्ता नवीन विषयको पठनपाठन सुरू भयो । विज्ञान, प्रविधि, व्यवस्थापन, स्वास्थ्य र इन्जिनियरिङका क्षेत्रमा काठमाडौं विश्वविद्यालयले आफ्नो विशिष्ट पहिचान बनायो । शर्माले विश्वविद्यालयलाई तत्कालीन उपलब्धिको आधारमा होइन, भविष्यका सम्भावनाको आधारमा हेर्नुभयो। उहाँको दृष्टिमा विश्वविद्यालय केवल भवन, पाठ्यक्रम र परीक्षा प्रणालीको नाम थिएन; त्यो स्वतन्त्र चिन्तन, अनुसन्धान, नवप्रवर्तन र राष्ट्र निर्माणको केन्द्र थियो ।

शिक्षाविद केदारभक्त माथेमा, डा. भगावन कोइराला, डा. बावुराम उप्रेतीका लागि डा. शर्मालाई केवल अग्रज शिक्षाविद होइन, लामो समयदेखि विचार र कर्ममा जोडिएको आत्मीय सहयात्री सरल मानिस, तर असाधारण विद्वान, उच्च शिक्षाको भविष्यबारे लामो संवाद गर्न रूचाउने, कहिल्यै उत्तेजित नहुने र शान्त व्यात्तित्व भनेर सम्झन्छन । समकालिन विद्वानहरूले डा. शर्मालाई दूरदर्शी नेतृत्वकर्ता, विश्वविद्यालय र शिक्षाको भविष्य द्रष्टा र काठमाडौं विश्वविद्यालयको भविष्य, स्वायत्तता र संस्थागत सबलीकरणमा सदा चिन्तित व्यात्ति भनेका छन । धेरैलाई उहाँको सरल, स्पष्ट र सहयोगी भूमिका स्मरण योग्यछन । उहाँका सहकर्मीहरूको साझा निष्कर्ष छ– शर्मालाई ठूलो बन्ने मोह थिएन, तर उहाँको सोच असाधारण रूपमा ठूलो थियो । उहाँ सरल हुनुहुन्थ्यो, तर सामान्य होइन; विनम्र हुनुहुन्थ्यो, तर दृष्टिविहीन होइन ।

राजनीतिक दलका नेताहरू र प्रशासक गायतले उहाँको निधनमा श्रद्धाञ्जली व्यक्त गर्दै नेपाली प्राविधिक तथा उच्च शिक्षामा उहाँले पुर्‍याउनुभएको योगदान स्मरण गरेका छन । शिक्षा तथा खेलकुदमन्त्री सस्मिता पोखरेलले काठमाडौं विश्वविद्यालयलाई पूर्ण स्वायत्त संस्थाका रूपमा विकास गर्ने उहाँको अधुरो सपना पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । पशुपति आर्यघाटमा राष्ट्रिय सम्मानका साथ उहाँको अन्त्येष्टि हुनु राज्यले उहाँको योगदानलाई दिएको सम्मानको प्रतीक हो। प्रतिनिधिसभाको बैठकमा सीटीईभीटी र काठमाडौं विश्वविद्यालयमार्फत नेपालको उच्च तथा प्राविधिक शिक्षामा पुर्‍याउनुभएको योगदान स्मरण गर्दै उहाँलाई 'राष्ट्रिय विभूति' घोषणा गर्न र राष्ट्रिय सम्मान प्रदान गर्न सरकारको ध्यानाकर्षण गराउन सभामुखमार्फत माग गरिएको छ। उहाँको ऐतिहासिक योगदानप्रति उच्च सम्मान व्यक्त गर्ने यो माग उहाँले निर्माण गर्नुभएको शैक्षिक विरासतको सार्वजनिक स्वीकारोक्ति पनि हो ।

अब प्रश्न उठ्छ– नेपाली युवाले, उच्च शिक्षा नीति निर्माणमा संलग्न व्यक्तिहरूले, राजनीतिज्ञ र शिक्षा योजनाकारहरूले शर्मालाई कसरी सम्झने? उहाँलाई सम्झनु भनेको केवल शोकसभा आयोजना गर्नु वा स्मृतिग्रन्थ प्रकाशित गर्नु होइन । उहाँको विचारलाई नीतिमा रूपान्तरण गर्नु हो । विश्वविद्यालयहरु राजनीतिक हस्तक्षेपबाट मुक्त, शैक्षिक गुणस्तरमा आधारित र आफ्नै बोर्ड तथा ट्रस्टी प्रणालीबाट सञ्चालित हुनुपर्छ भन्ने उहाँको दृष्टि आज पनि उत्तिकै सान्दर्भिक छ ।

उहाँ वास्तवमा तत्कालीन लोकप्रियताभन्दा दीर्घकालीन संस्थागत विकासमा विश्वास गर्नुहुन्थ्यो । युवाहरूले उहाँबाट सिक्नुपर्ने पहिलो पाठ यही हो– शिक्षा क्षेत्रमा छोटो बाटो हुँदैन । गुणस्तर र पहुँचबीच सन्तुलन कायम गर्नुपर्छ । उच्च शिक्षा समाजका आवश्यकतासँग जोडिनुपर्छ । प्राविधिक शिक्षा दुर्गम गाउँसम्म पुग्नुपर्छ, तर विस्तारको नाममा गुणस्तर घट्नु हुँदैन । राजनीतिक प्रभावभन्दा शैक्षिक योग्यता, संस्थागत इमानदारी र सार्वजनिक उत्तरदायित्वलाई प्राथमिकता दिनुपर्छ ।

राष्ट्रले उहाँलाई साँचो श्रद्धाञ्जली दिन चाहन्छ भने काठमाडौं विश्वविद्यालयलाई पूर्ण स्वायत्त बनाउने कानुनी र संस्थागत प्रक्रिया शीघ्र पूरा गर्नुपर्छ । बोर्ड अफ ट्रस्टी मोडलमा लैजान आवश्यक विधेयकको मस्यौदा तयार भइसकेको अवस्थामा त्यसलाई कार्यान्वयनमा लैजानु नै उहाँको अधुरो सपना पूरा गर्ने पहिलो कदम हुनेछ । प्राविधिक तथा उच्च शिक्षामा गुणस्तर कायम गर्नु, संस्थाहरूलाई राजनीतिक हस्तक्षेपबाट जोगाउनु, दीर्घकालीन योजना र अनुसन्धानमा लगानी गर्नु तथा सरलता, इमानदारी र दूरदृष्टिको संस्कारलाई शैक्षिक नेतृत्वमा स्थापित गर्नु नै वास्तविक श्रद्धाञ्जली हो।

प्रा.डा. सुरेशराज शर्मा अब एउटा नाम मात्र होइन, एउटा शैक्षिक संस्कार हुनुहुन्छ । उहाँले बनाएका संस्था, हुर्काएको शैक्षिक संस्कृति र प्रेरित गरेका विद्यार्थीहरु उहाँका जीवित स्मारक हुन् । उहाँको शरीर माटोमा विलीन भएको छ, तर उहाँको दृष्टि काठमाडौं विश्वविद्यालयका कक्षाकोठा, प्रयोगशाला र पुस्तकालयमा बोलिरहनेछ। उहाँको सपना हजारौँ विद्यार्थीको आँखामा उज्यालो बनेर बाँचिरहनेछ ।

कहिलेकाहीँ मानिसहरु विदा हुन्छन्, तर उनीहरूले बनाएका बाटाहरु बाँकी रहन्छन् । सुरेशराज शर्मा त्यस्तै बाटो बनाउने यात्री हुनुहुन्थ्यो । उहाँले देखाएको शैक्षिक बाटोमा हिंडिरहँदा हामीले उहाँलाई सम्झिरहनेछौँ– एक सरल मानिसका रूपमा, एक असाधारण विद्वान्का रूपमा, र नेपालको शिक्षा इतिहासमा उज्यालो अक्षरले लेखिएको दूरदर्शी राष्ट्रनिर्माताका रूपमा।

*सहप्राध्यापक : आदिकवि भानुभक्त क्याम्पस, व्यास–१, तनहुँ*




## तपाईंको आज

**मेष**
व्यवसायमा नयाँ जिम्मेवारी लिने अवसर आउन सक्छ। सञ्चार सम्बन्धि काममा सतर्क रहनुहोस्।

**वृष**
आर्थिक अवस्थाको सुधार देखिन्छ। तर चिन्ता नडुर्लागोस् भन्ने चिन्ताले तनाव ल्याउन सक्छ।

**मिथुन**
परम्परागत वा आध्यात्मिक कार्यक्रममा सहभागी हुनुपर्ने मौका आउँछ। स्वास्थ्य राम्रो रहने देखिन्छ ।

**कर्कट**
खानपानमा अनुशासन अपनाउनु लाभदायी छ। सामाजिक सत्कारका अवसर मिल्नेछ।

**सिंह**
पुराना सम्पर्कहरु पुन: जीवित हुन सक्छन्। प्रेम–सम्बन्धमा मधुरता बढ्छ, तर अहँकारी व्यवहार नगर्नुस् ।

**कन्य**
स्वास्थ्यका हिसाबले आज सजग रहनुपर्ने दिन हो– विशेष गरी पाचनसम्बन्धी समस्या देखा पर्न सक्छ।

**तुला**
व्यापार वा साझेदारीमा नयाँ व्यक्तिसँग सहकार्य लाभदायी देखा पर्दछ। अध्ययन क्षेत्रमा उपलब्धी हासिल हुनेछ ।

**वृश्चिक**
आजको दिन नयाँ सुरूवातका लागि योग्य देखिन्छ । योजनाबद्ध भएर अगाडि बढ्ने मनस्थिति राम्रो हुनेछ।

**धनु**
आर्थिक पक्षमा वृद्धि हुन सक्छ। लगानीमा चाँडो निर्णय नगर्नुस्। घरघरपरिवारसँग प्रेम–मिलन बढ्ने योग छ।

**मकर**
कार्यालय वा टिमवर्कमा तपाईंको नेतृत्व क्षमता देखिने मौका मिल्छ। निर्देशित कार्यमा विजय मिल्नेछ ।

**कुम्भ**
अध्ययनको लागि रमाइलो समय छ। मानिसहरूसँग सहयोग गर्न मन लाग्छ, त्यसमा पनि सजग रहनुस्।

**मीन**
व्यक्तिगत रिल्याक्सेसनको समय पनि दिनुस्। प्रेरणादायी सन्देश वा ज्ञान प्राप्ति हुनेछ।

# 'हिमनदी र बाढी राहदानीमा भिसा ........

होइन, केही सुझाव सेयर गर्न आएको हुँ। सबैभन्दा पहिले, यस जलप्रलयपछि नेपालको सहयोगमा आउनुभएका सबैप्रति म नेपालको गहिरो कृतज्ञता व्यक्त गर्न चाहन्छु। हाम्रा तत्कालका छिमेकी भारत र चीनले शीघ्र र उदार सहयोग उपलब्ध गराए । अन्य मित्र राष्ट्रहरू, संयुक्त राष्ट्रसंघीय प्रणाली, मानवीय सहायता निकायहरू, परोपकारी संस्था र विश्वभरका मानिसहरू पनि नेपालको साथमा उभिए । नेपालका कृतज्ञ जनताको तर्फबाट म उहाँहरू सबैलाई धन्यवाद दिन चाहन्छु।

नेपाल अहिले पुनरूत्थान र पुनर्निर्माणको विशाल चुनौतीको सामना गरिरहेको छ । कम्तीमा १ हजार ४ सय जनाको मृत्यु पुष्टि भइसकेको र ६ हजारभन्दा बढी मानिस अझै बेपत्ता रहेको अवस्थामा हाम्रो द्रुत प्रारम्भिक मूल्याङ्कनले भौतिक पुनरूत्थानका लागि कुल गार्हस्थ्य उत्पादनको करिब १० प्रतिशत बराबरको आवश्यकता देखाएको छ ।

सन् २०१५ को गोर्खा भूकम्पपछिको पुनर्निर्माणमा जस्तै, हामी तपाईंहरूको ऐक्यबद्धता र सहयोगको अपेक्षा गर्दछौं । तर यो विपद् नेपालभन्दा बाहिर पनि किन महत्वपूर्ण छ भन्ने कुरा हामीले बुझ्नुपर्छ । नेपालको विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा योगदान ०.१ प्रतिशतभन्दा कम छ । हामीले यो संकट सिर्जना गरेका होइनौँ। तर यसको मूल्य हामीले अत्यन्त ठूलो मात्रामा चुकाइरहेका छौँ ।

हाम्रा हिमनदीहरु पछि हटिरहेका छन्। हाम्रा पहाडका भिरालो भूभाग अस्थिर बन्दै गएका छन्। हाम्रा नदीहरूको बहाव कम पूर्वानुमानयोग्य बन्दै गएको छ । र हरेक ठूलो विपद्ले वर्षौंको विकास उपलब्धि मेटाउने खतरा बढाइरहेको छ।

नेपालका लागि जलवायु विपद् केवल मानवीय संकट होइन, विकास आपत्काल पनि हो । यसले सडक, पुल, विद्यालय, घर, खेतबारी र जीविकोपार्जनका साधन नष्ट गर्छ ।

हाम्रो भविष्यलाई ऊर्जा दिन आवश्यक स्वच्छ ऊर्जा पूर्वाधारसमेत नष्ट गर्छ । र आफूले सिर्जना नगरेको क्षति मर्मत गर्न एउटा गरिब देशलाई ऋण लिन बाध्य बनाउँछ । तर हामी यहाँ कुनै देश वा महादेशलाई दोष दिन आएका होइनौँ । जलवायु परिवर्तनलाई अर्को भूराजनीतिक युद्धमैदान बनाउन पनि हामी यहाँ आएका होइनौँ । हामी यहाँ सबैलाई साझा जिम्मेवारी र ऐक्यबद्धताप्रति पुनः प्रतिबद्ध हुन आग्रह गर्न आएका छौँ ।

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धिमार्फत अन्तर्राष्ट्रिय समुदायले यसअघि नै 'साझा तर फरक जिम्मेवारी र आ-आफ्नो क्षमता' को सिद्धान्त स्वीकार गरिसकेको छ । जसले ऐतिहासिक रूपमा यो समस्यामा बढी योगदान गरेका छन् र जससँग त्यसको सामना गर्ने क्षमता बढी छ, उनीहरूले अझ बढी गर्नुपर्छ । जलवायु न्याय संयुक्त राष्ट्रसंघको दस्तावेजमा रहेको एउटा सुन्दर वाक्यांशमा मात्र सीमित रहनु हुँदैन । हाम्रो देशका नागरिकले निरन्तर आफ्नो विगत पुनर्निर्माण गरिरहनुको सट्टा आफ्नो भविष्य निर्माण गर्न पाउनुपर्छ।

महामहिमहरू,

हिन्दुकुश हिमालय क्षेत्रमा करिब २ अर्ब मानिस बसोबास गर्छन्। यी हिमालहरूले नेपालभन्दा धेरै परसम्मका जनसंख्यालाई पानी, पारिस्थितिक प्रणाली, कृषि र जीविकोपार्जन प्रदान गर्छन् । हिमालय पृथ्वीको कुनै परिधीय भूभाग होइन। यो पृथ्वीको जीवन धान्ने प्रणालीको एउटा हिस्सा हो । त्यसैले एउटा अत्यावश्यक पहिलो कदमका रूपमा हामी नेपाल, भारत र चीनको नेतृत्वमा 'हिमालय जलवायु उत्थानशीलता संयन्त्र' स्थापना गर्ने प्रस्ताव गर्छौं । यस संयन्त्रमार्फत हामी भूउपग्रहबाट प्राप्त तथ्याङ्क र विशेषज्ञता आदानप्रदान गरौँ ।

जोखिमयुक्त हिमतालको अनुगमन गरौँ। संयुक्त पूर्वचेतावनी प्रणाली सुदृढ गरौँ। र, जब विपद् आउँछ, सीमापार सहयोगको समन्वय गरौँ । हिमालयलाई खण्डित सूचनाको सीमारेखा होइन, अन्तर्राष्ट्रिय सहकार्यको प्रयोगशाला बनाऔँ। अति कम विकसित देशका लागि उल्लेखनीय कुरा के हो भने नेपाल आफ्नो पारिस्थितिक योगदानभन्दा बढी विश्वव्यापी भूमिका निर्वाह गरिरहेको छ । हामीले हाम्रो भूभागको झन्डै आधा हिस्सा वनले ढाकिने गरी वन संरक्षण तथा पुनर्स्थापना गरेका छौँ। हाम्रा स्वच्छ ऊर्जाका आवश्यकताहरु पूरा गर्न र विदेशमा प्रदूषणकारी ऊर्जाका स्रोतलाई विस्थापित गर्न पर्याप्त हुने गतिमा हामी जलविद्युत् उत्पादन गरिरहेका छौँ।

हामी विद्युतीय यातायातलाई प्रवर्द्धन गरिरहेका छौँ, जसको प्रयोगदर युरोपका केही हिस्सासँग तुलना गर्न सकिने अवस्थामा पुगेको छ । हामी स्थानीय तहमा जलवायु अनुकूलनलाई सुदृढ गरिरहेका छौँ। र जलवायुजन्य विपद्को बढ्दो तीव्रता र आवृत्तिको सामना गर्न अझ धेरै काम गर्नेछौँ ।

तर विश्वव्यापी शासन व्यवस्थाको असफलताले थप गम्भीर बनाएको यस संकटविरूद्ध नेपाल एक्लैले उत्थानशीलता निर्माण गर्न सक्दैन।

त्यसैले यस महासभाले यी छ शब्दलाई ध्यान दिनुपर्छः राहत। पुनर्स्थापना। पुनर्निर्माण। र साथै : जिम्मेवारी। क्षतिपूर्ति। उत्थानशीलता।

पहिला तीनवटा कुरा हामीलाई विपद्पछि आवश्यक पर्छन्। पछिल्ला तीनवटा कुरा विपद्लाई स्थायी अवस्था बन्न नदिन आवश्यक छन्।

जब जलवायुजन्य विपद्ले एउटा गरिब देशको पूर्वाधार नष्ट गर्छ, त्यसको समाधान अर्को ठूलो ऋण वा साना अनुदानको टुक्राटुक्रा व्यवस्था मात्र हुन सक्दैन । हामीलाई विश्वबाट पर्याप्त अनुदानमा आधारित सहयोग आवश्यक छ। हानि तथा नोक्सानी कोष, विश्वव्यापी वातावरण सुविधा र अन्य सम्बन्धित वित्तीय संयन्त्रहरु अझै अत्यन्त अपर्याप्त छन्। जलवायु वित्त जोखिममा रहेका देशहरूले सहयोग आवश्यक छ भन्ने प्रमाणित गर्न वर्षौं बिताउनुपर्ने कर्मचारीतन्त्रको चक्रव्यूह बन्नु हुँदैन।

जब घरमा आगो लागेको हुन्छ, हामी परिवारलाई ५० वटा फारम भर्न लगाउँदैनौँ। हामी काम गर्छौं। जलवायु न्यायको अर्थ यही हुनुपर्छ।

महामहिमहरु,

यसले मलाई एउटा अझ ठूलो प्रश्नतर्फ ल्याउँछ : हामी कस्तो प्रकारको अन्तर्राष्ट्रिय व्यवस्था चाहन्छौँ ? संयुक्त राष्ट्रसंघ मानवताले भोगेका भयावह विश्वयुद्धहरुको अनुभवबाट जन्मिएको हो । यसको वाचा थियो : सार्वभौमसत्ता महत्त्वपूर्ण हुनेछ। अन्तर्राष्ट्रिय कानुन महत्त्वपूर्ण हुनेछ। हरेक मानवको गरिमा महत्त्वपूर्ण हुनेछ। र, कमजोरहरूले शक्तिशालीहरूले गरेको हरेक निर्णय चुपचाप स्वीकार गर्नुपर्ने छैन।

आज त्यो अन्तर्राष्ट्रिय प्रणाली दबाबमा छ। धेरैपटक सैन्य र आर्थिक शक्तिले कसको आवाज सुनिने हो भन्ने निर्धारण गरिरहेको छ। नेपालको विश्वास छ, हामीलाई अझ न्यायपूर्ण विश्वव्यापी आर्थिक व्यवस्था आवश्यक छ। सन् १९९४ मा यूएनडीपीको मानव विकास प्रतिवेदनले 'मानवीय असुरक्षा' को अवधारणा अघि सारेको थियो।

यसले सुरक्षालाई भूभागभन्दा मानिससँग र हतियारभन्दा विकाससँग जोडेको थियो। यसले भय र अभावबाट मुक्ति सुनिश्चित गर्न शान्तिको लाभांश प्रयोग गर्न आह्वान गरेको थियो । यसै मार्चमा हाम्रो इतिहासकै सबैभन्दा निष्पक्ष र शान्तिपूर्ण निर्वाचनबाट निर्वाचित नेपालको नयाँ बहुमत सरकारले त्यसयता धेरै अन्तर्राष्ट्रिय प्रतिकूलताको सामना गर्नुपरेको छ। जब गत मनसुनमा नेपालका एक गरिब किसानले आ ँनो खेतमा बीउ छर्न खोजिन्, उनलाई समयमा मल पुगेन ।

जब हामी नयाँ राजमार्गमा कालोपत्रे गर्न चाहन्थ्यौं, त्यहाँ बिटुमिन थिएन।जब एउटा परिवार साँझको खाना खान बस्यो, त्यहाँ खाना पकाउने इन्धनको अभाव थियो। एकातिर पग्लिरहेका हिमनदी, घट्दो उत्पादन र पूर्वसूचनाविनै आउने बाढी छन् । अर्कोतिर, विश्वव्यापी आपूर्ति शृत्तलाले कुनै तर्कसंगत कारणबिना गरिब मानिसहरूलाई त्यसको मूल्य चुकाउन बाध्य बनाइरहेको छ। अन्तरमहादेशीय क्षेप्यास्त्रहरु भने समयमा आइपुग्छन्। राइफल र गोलाबारूद सीमा पार गर्छन्, हरेक अवरोध पार गर्छन् र हरेक समयसीमा पूरा गर्छन्। तर नेपालका किसानले आवश्यक परेको समयमा बजार मूल्यमा मल वा इन्धन किन्न सक्दैनन्।

हामीले युद्धका लागि त्रुटिरहित रसद प्रणाली र खाद्यान्नका लागि भताभुङ्ग रसद प्रणाली भएको संसार बनाएका छौँ। र यो नेपालको मात्र दुर्भाग्य होइन। बङ्गलादेशलाई सोध्नुस्। भुटानलाई सोध्नुस्। भारतलाई सोध्नुस्। माल्दिभ्सलाई सोध्नुस्। पाकिस्तानलाई सोध्नुस्। श्रीलंकालाई सोध्नुस्।

हाम्रो क्षेत्रका अरू कुनै पनि देशलाई सोध्नुस् र तपाईंले उस्तै कथा सुन्नुहुनेछ : हामीले नतताएको जलवायुको मार खेपिरहेका छौँ, र हामीले सुरू नगरेको युद्धको मार पनि फेरि हामीले नै खेपिरहेका छौँ। यसले हामीलाई बताउँछ कि वर्तमान विश्वव्यापी सहकार्यको व्यवस्थामा बाहिर देखिएभन्दा धेरै कुरा भताभुङ्ग अवस्थामा छन्।

महामहिमहरु,

मलाई भनिएको छ कि यस वर्ष यस महासभालाई सम्बोधन गर्ने म सबैभन्दा कान्छो सरकार प्रमुख हुँ। तर म यहाँ त्यसैलाई मुख्य विषय बनाउन आएको होइन । म यहाँ यो सुनिश्चित गर्न आएको हुँ कि यस मञ्चबाट अरु जे-जति कुरा भनिए पनि एउटा कुरा स्पष्ट रूपमा भनियोस् : पैसा तिर्न तयार रहेको देशले सामान किन्न पाउनुपर्छ । र ७२ घण्टाभित्र संसारको जुनसुकै ठाउँमा हतियार पुर्‍याउन सक्ने विश्वसँग एउटा किसानलाई मर्यादित जीविकोपार्जनका साधनबाट वञ्चित राख्ने कुनै बहाना हुन सक्दैन।

यसैकारण हामी बहुपक्षीयतामा विश्वास गरिरहन्छौँ । यसैकारण हामीलाई यस्तो संयुक्त राष्ट्रसङ्घ चाहिन्छ, जहाँ साना र गरिब देशहरूको उपस्थिति महसुस होस् र जहाँ हामी न्यायपूर्ण परिणामका लागि सँगै काम गर्न सकौँ ।

त्यसैले जलवायु न्याय केवल पैसाको विषय होइन। यो वितरणात्मक न्यायको विषय हो, अर्थात् यसको लागत कसले बेहोर्छ भन्ने प्रश्न हो।यो प्रक्रियागत न्यायको विषय हो, अर्थात् कसको आवाज सुनिन्छ भन्ने प्रश्न हो।

यो हिमाली समुदाय, साना टापु राष्ट्र, भूपरिवेष्टित तथा अति कम विकसित देश र अझै जन्मिन बाँकी पुस्ताको भविष्यलाई समान रूपमा महत्त्व दिइन्छ कि दिइँदैन भन्ने प्रश्न हो। भोलिदेखि यही संयुक्त राष्ट्रसंघमा हुने 'सगरमाथादेखि समुद्रसम्म' साइड इभेन्टमार्फत नेपाल यो संवादको नेतृत्व गर्न सहयोग गर्न तयार छ ।

महामहिमहरु,

हामी गहिरो विश्वव्यापी अनिश्चितताको क्षणमा यस महासभामा उपस्थित छौं, र नयाँ पुस्ताका आकाङ्क्षा प्रतिबिम्बित गर्ने नवीकृत लोकतान्त्रिक जनादेशसहित उपस्थित छौं। हाम्रा युवाले इमानदारी र जवाफदेहिताको राजनीति माग गरेका छन् । यो पुस्तान्तरण केवल नेपालको राष्ट्रिय कथा होइन। यो द्वन्द्व, असमानता र अवसरको अभावविरूद्ध विश्वव्यापी जागरणको एउटा हिस्सा हो । मेरो सरकारको प्रतिबद्धता स्पष्ट छ : सेवा प्रदान गर्ने राज्य निर्माण गर्ने। मर्यादित रोजगारी, सामाजिक सुरक्षा र हरेक नेपालीले आफ्नै देशमा समृद्ध हुने समान अवसर सुनिश्चित गर्ने। नेपालका बाढीले बढ्दो जलवायु चरम अवस्थाले आकार दिने भविष्यको संकेत गरेका छन्।

हाम्रा पुराना आधाररेखा अब सान्दर्भिक छैनन् । अब हामी टालटुले र आकस्मिक प्रतिक्रियाबाट तयारीको संस्कृतितर्फ जानुपर्छ।

उत्थानशीलतामा लगानी गरौँ। बीमा र नवप्रवर्तनमा लगानी गरौँ। बलिया पूर्वाधार र संस्थाहरु निर्माण गरौँ । जीवाष्म इन्धनमाथिको निर्भरता घटाऔँ। पूर्वचेतावनी दिने, सतर्क गराउने र जीवन जोगाउने प्रणाली निर्माण गरौँ। सबैभन्दा कमजोरलाई सबैभन्दा कम शक्ति दिने विश्वव्यवस्थामा सुधार गरौँ। र, जब अर्को चेतावनी संसारको छानोबाट आउँछः त्यसलाई सुन्न तयार होऔँ, र त्यसअनुसार काम गर्न पनि तयार होऔँ। भगवान् पशुपतिनाथले विश्वको कल्याण गरून्। यो विश्व बुद्धले देखाएको बाटोमा हिँड्न सकोस्। धन्यवाद। नमस्ते। (अनलाइनखबरबाट)

*(संयुक्त राष्ट्रसंघको ८१औँ महासभामा प्रधानमन्त्री बालेन्द्र शाहको सम्बोधनको भावानुवाद)*

# तनहुँमा वर्षाले ......

तिवारीले नदी, खोला तथा तटीय क्षेत्रमा बसोबास गर्ने नागरिकलाई नदीको सतह बढे सुरक्षित स्थानमा जान तथा पहिरोको जोखिम भएका क्षेत्रमा बसोबास गर्ने परिवारलाई सचेत रहन आग्रह गरेका छन् ।

जिल्ला सुरक्षा समितिले जोखिमयुक्त क्षेत्रको निगरानी बढाएको छ भने प्रहरीले सम्भावित जोखिम भएका बस्ती तथा सडक क्षेत्रमा माइकिङ गरी नागरिकलाई सचेत गराइरहेको जनाएको छ । विपद्को अवस्था आए तत्काल उद्धार तथा सहयोगका लागि नेपाल प्रहरी १००, सशस्त्र प्रहरी बल ११।४ तथा जिल्ला आपत्कालीन केन्द्र १२३४ मा सम्पर्क गर्न प्रशासनले आग्रह गरेको छ ।




www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

## बन्दीपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**बन्दीपुर, तनहुँ । गण्डकी प्रदेश**

## बोलपत्र/दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०६/०९ गते**

यस गाउँपालिकाको आ.व. २०८३/०८४ को लागि स्वीकृत वार्षिक कार्यक्रम बमोजिम निम्न उल्लेखित कार्य गराउनुपर्ने आवश्यक भएकोले नेपाल सरकारबाट इजाजतपत्र प्राप्त योग्य नेपाली निर्माण व्यवसायीहरूबाट तपसिल बमोजिमका बोलपत्र/दरभाउपत्र सम्बन्धी कागजातहरू खरिद गर्न निवेदन र व्यवसायी दर्ता प्रमाणपत्र सहित यस कार्यालयको नाममा रहेको एन.आई.सी एसिया, डुम्रे शाखा स्थित आन्तरिक राजश्व खाता नं. ४६४१५००२६९१२००२ मा जम्मा गरी सो सक्कल भौचर पेश गरेर गाउँपालिकाको कार्यालयवाट खरिद गरी, जमानत रकम यस कार्यालयको नाममा रहेको एन.आई.सी एसिया, डुम्रे शाखा स्थित धरौटी खाता नं. १४६२०५००२६९१२०१० मा जम्मा गरी सक्कल भौचर सहित वा नेपाल राष्ट्रबैंकबाट मान्यता प्राप्त 'क' वर्गको बैंकबाट बोलपत्र/दरभाउपत्र जमानतपत्र र आवश्यक कागजपत्र सहित गाउँपालिकाको कार्यालयमा शिल गरेर हार्डकपि (Hardcopy) मार्फत बुझाउनु हुन अनुरोध गरिन्छ । साथै दरभाउपत्र/बोलपत्रहरूको Bid Document कार्यालयको वेवसाइट www.bandipurmun.gov.np मा राखिएको हुँदा तपसिल वमोजिमको शर्तको अधिनमा रहि दरभाउपत्र/बोलपत्र सम्वन्धी सम्पुर्ण कागजातहरू (Bid Documents) रित पूर्वक भरी यस कार्यालयमा बुझाउन सकिने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

- थप जानकारीको लागि www.bandipurmun.gov.np मा वा ९८५६००३१११ मा सम्पर्क गर्न सकिन्छ र अन्य प्रावधान प्रचलित कानून अनुसार हुनेछ ।

**तपसिल**

| क्र. सं. | ठेक्काको नाम | ठेक्का नं. | ठेक्का रकम(भ्याट र कन्टेन्जेन्सी वाहेक) | जमानत रकम | जमानत मान्य अवधि | दस्तुर | खरिद गर्ने अन्तिम मिति, समय | दर्ता गर्ने अन्तिम मिति, समय | खोलिने मिति, समय |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Thanimai Mandir, Park and Sidhi Marmat | BRM/SQ/WORKS/ 01/2083/084 | 8,65,729.26 | 22,000 | 75 days | 1000 | 2083/06/ 16, 17:00 | 2083/06/ 19, 12:00 | 2083/06/ 19, 13:00 |
| 2 | Construction of Dumre Haatbazar | BRM/SQ/WORKS/ 02/2083/084 | 6,03,420.59 | 15,500 | 75 days | 1000 | 2083/06/ 16, 17:00 | 2083/06/ 19, 12:00 | 2083/06/ 19, 13:00 |
| 3 | Bandipur Dharampani Road | BRM/NCB/WORKS/ 01/2083/084 | 77,75,412.90 | 1,95,000 | 120 days | 3000 | 2083/06/ 30, 17:00 | 2083/07/ 09, 12:00 | 2083/07/ 09, 13:00 |

पुनश्च : माथि उल्लेखित ठेक्काहरूको लागि दरभाउपत्र/बोलपत्र सूचना बमोजिमको माध्यमबाट प्रत्येक दरभाउपत्र/बोलपत्र दस्तुर माथि उल्लेखित तत सम्वन्धी दर्ता गर्ने अन्तिम मिति र समय भित्र यस कार्यालयमा बुझाउनु पर्नेछ अन्यथा दरभाउपत्र/वोलपत्र दस्तुरमा खरिद गर्ने अन्तिम मिति र समय पछिको मिति भएमा दर्ता गर्ने मिति र समय भित्र दरभाउपत्र/वोलपत्र बुझाएमा पनि दरभाउपत्र/वोलपत्र मान्य भएको मानिने छैन ।

**प्रमुख प्रशासकीय अधिकृत**

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**भाँसियो रेस्टुरेन्ट** : पृथ्वी राजमार्गको मुग्लिन–आँबुखैरेनी सडक खण्ड अन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिकाको ऐनापहरामा रहेको रेस्टुरेन्ट अविरल झरीका कारण शुक्रबार दिउँसो भासिएको छ । *तस्विर : भञ्ज्याङ*

# ऋण लिएर गाईभैंसी पालन गर्ने चार किसान सम्मानित

## खैरेनीटार महिला बहुउद्देश्यीय सहकारीको २४औँ साधारणसभा सम्पन्न

भञ्ज्याङ समाचारदाता/खैरेनीटार

तनहुँको शुक्लागण्डकी नगरपालिका–६, खैरेनीटारस्थित खैरेनीटार महिला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले सहकारीबाट कर्जा लिएर गाईभैंसी पालनमा लगानी गर्दै आएका चार किसानलाई सम्मान गरेको छ ।

सहकारीको २४औँ वार्षिक साधारणसभाका अवसरमा शुक्रबार बेलचौतारामा आयोजित कार्यक्रममा ऋणलाई उत्पादनमूलक क्षेत्रमा लगानी गरी व्यवसाय सञ्चालन तथा समयमै कर्जा भुक्तानी गर्ने उत्कृष्ट किसानका रूपमा विष्णुमाया ढकाल, संगिता ढकाल, मञ्जु सुवेदी र कमला सुनारलाई सम्मान गरिएको हो ।

उनीहरूलाई शुक्लागण्डकी नगरपालिकाका उपप्रमुख खुमबहादुर विक 'राजु', वडा नं. ५ का अध्यक्ष दीर्घबहादुर थापा तथा सहकारी अध्यक्ष सूर्यदेवी सिग्देललगायतले सम्मान गरेका थिए ।

कार्यक्रममा नगर उपप्रमुख विकले महिलालाई संगठित गर्दै सहकारीमार्फत कर्जा प्रवाह र उत्पादनमूलक गतिविधिमा जोड दिइएकोमा खुसी व्यक्त गर्नुभयो। सहकारीले सदस्यलाई ऋण उपलब्ध गराउने मात्र नभई त्यसलाई आयआर्जन र उद्यममा लगानी गर्न प्रोत्साहित गर्नु सकारात्मक पक्ष भएको उनले बताए ।




सहकारी अध्यक्ष सूर्यदेवी सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा वडा नं. ५ का अध्यक्ष दीर्घबहादुर थापा, सहकारीका पूर्वअध्यक्ष तुलमाया विक तथा सम्मानित किसानका तर्फबाट विष्णुमाया ढकालले धारणा व्यक्त गरिन ।

कार्यक्रममा उपाध्यक्ष पुष्पा ढकालले स्वागत तथा सचिव विनिता श्रेष्ठले सञ्चालन गरेकी थिइन भने, साधारणसभामा लेखा समिति संयोजक विन्दु शर्मा र कोषाध्यक्ष निरू भुजेलद्वारा प्रस्तुत आर्थिक प्रतिवेदनमाथि छलफल गरी पारित गरिएको थियो ।

सहकारीमा हाल ३ हजार ७० जना महिला सदस्य आबद्ध रहेका छन् । सदस्यहरूको आर्थिक तथा उद्यमशीलता गतिविधिलाई प्रवर्द्धन गर्न सहकारीअन्तर्गत विभिन्न ३५ वटा उपसमिति क्रियाशील रहेको जनाइएको छ।

सहकारीले सदस्यलाई कर्जा प्रवाहसँगै उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्दै आएको र उत्कृष्ट कार्य गर्ने सदस्यलाई सम्मान गर्ने अभ्यासले अन्य सदस्यलाई समेत उद्यमतर्फ प्रेरित गर्ने अपेक्षा गरिएको छ ।

**हुलाक सेवाः नागरिकको विश्वास**

- हुलाक सेवाको इतिहास, महत्व र योगदानको सम्मान गरौं,
- दुर्गम तथा ग्रामीण क्षेत्रमा समेत भरपर्दो हुलाक सेवा विस्तारमा सहयोग गरौं,
- हुलाक सेवालाई आधुनिक सूचना तथा सञ्चार प्रविधिसँग जोड्दै प्रभावकारी बनाऔं,
- हुलाकमार्फत उपलब्ध सेवा तथा सुविधाको प्रयोग तथा सही सदुपयोग गरौं,
- चिठीपत्र, पार्सल तथा अन्य सामग्री पठाउँदा सही विवरण र सुरक्षित प्याकेजिङमा ध्यान दिऔं,
- हुलाक सेवाको डिजिटल रूपान्तरण र आधुनिकीकरणलाई प्रोत्साहन गरौं,
- हुलाक सम्पदा तथा ऐतिहासिक महत्वका सामग्रीको संरक्षण गरौं,
- आधुनिक हुलाक सेवा अपनाऔं, सेवा प्रवाहलाई प्रभावकारी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**facebook twitter**



**Ramesh Nath Pandey**
x.com/rameshnathpande

संयुक्त राष्ट्रसंघ महासभालाई सम्बोधन गर्दै वातावरणीय संकट बारे विश्व समुदायलाई ब्युझाउन प्रधान मन्त्री बालेन्द्र शाह सफल हुनुभएको छ । तथ्यहरु प्रभावशाली र संयमपूर्वक प्रस्तुत गर्दै प्रधान मन्त्रीले जलवायु परिवर्तनले ल्याईरहेको महाप्रलय रोक्ने एजेन्डालाई विश्वमा स्थापित गराउनु भएको छ । नयाँ पुस्ताको नेतृत्व नेपाललाई फेरि विश्वमा सुनिने सम्मानित राष्ट्र बन्ने बाटोमा हिडाउन सफल भएको छ ।



**Surya Raj Acharya**
x.com/SuryaRAcharya

यूएनको मञ्चबाट हाम्रा प्रधानमन्त्रीले प्रभावकारी सन्देश दिनुभएको छ । यूएन महासचिवलगायत अन्य वक्ताहरूले पनि नेपालले हालै भोगेको विपद्बारे बोलेका छन् । अरूले सिर्जना गरेको समस्याको परिणाम नेपालले भोग्नुपरेको र नेपालले मागेको 'न्याय' प्रति विश्वको ध्यानाकर्षण भएको छ।
अब सबै एकजुट भएर विकासको नयाँ स्वरूप निर्माण गर्न र भविष्यमा यस्ता विपद्को सामना गर्ने तयारीमा जुट्नुपर्ने भएको छ ।



**Muma Ram Khanal**
x.com/MumaRamKhanal

अस्तित्ववादी दार्शनिक जाँ–पल सार्त्रको एउटा जबर्जस्त मनोवैज्ञानिक र मनोसामाजिक वाक्य 'अन्य मान्छेहरु हाम्रा नर्क हुन्' (Hell Is Other People) ज्यादै प्रशिद्ध छ। हाम्रे वरिपरिका मानिसहरूले अनावश्यक रूपमा नीजि जीवनमा प्रवेश गरेर कसरी हाम्रो जीवनलाई नर्क बनाईदिन्छन्? सार्त्रले एउटा नाटकमार्फत 'अन्य मान्छेहरु हाम्रा नर्क हुन्' भन्ने सुप्रशिद्ध दार्शनिक वाक्य स्थापित गरेका थिए । आजको (अ)सामाजिक संजाल र परपिडक प्रवृत्तिको बढ्दो संदर्भमा सार्त्रको नाटक (No Exit)लाई 'मिस मेनुकाः एक संवेदनशील यौनकर्मी' जस्तै मिठो नेपाली नाट्य रूपान्तर गर्न पाए बहुत मजा आउँथ्यो ।




**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

**असोज १० गते शनिबार**



**डा. जयन्ती ज्वारचन**
वरिष्ठ छाला, यौन, कुष्ठ तथा सौन्दर्य रोग विशेषज्ञ
(Manipal Teaching Hospital, Pokhara)

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला।
२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स–रे सेवा उपलब्ध ।
३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

**सुन्दर छाला, स्वस्थ यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं।**

**हाम्रा उपलब्ध सेवाहरू :**
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४